# राष्ट्रिय वाणिज्य बैंक लि.

केन्द्रीय कार्यालय

सामान्य सेवा विभाग

**रु.१ लाख बीमाकं रकमको सामुहिक व्यक्तिगत दुर्घटना बीमा लाभ 'क' (RSD/MD/ST सहित) बीमालेख**

**खरिद सम्बन्धी राष्ट्रियस्तरको बोलपत्र आव्हनको सूचना**

NCB No: **RBBL/GSD/G/NCB/INSURANCE-82125/79/80**

*(प्रथम पटक सूचना प्रकाशित मिति:२०७९/०७/०१)*

यस बैंकबाट नेपाल प्रहरीका ८०,००० कर्मचारी तथा राष्ट्रिय अनुसन्धान विभागका २१२५ कर्मचारी गरी कूल ८२,१२५ व्यक्तिका लागि प्रति व्यक्ति **रु.१ लाख बीमाकं रकमको सामुहिक व्यक्तिगत दुर्घटना बीमा लाभ 'क'** (**RSD/MD/ST सहित**) एक बर्षका लागि बीमालेख खरीद गर्नुपर्ने भएको हूंदा उक्त सेवा प्रवाह गर्न सक्ने ईच्छूक बीमा कम्पनीहरुबाट निम्न शर्तहरुको अधीनमा रही तोकिएको म्याद भित्र यस विभाग समक्ष बोलपत्र पेश गर्न हून यो सुचना प्रकाशित गरिएको छ ।

१. यस बैंकको थापाथली स्थित शाखा कार्यालयमा आम्दानी अन्य शीर्षकको हिसाब नं **९५०५०६२६०१** मा बोलपत्र दस्तुर बापत फिर्ता नहुने गरी रु.**३,०००/-** (अक्षरेपी तीन हजार) मात्र जम्मा गरी सक्कल अर्धकट्टी भौचर यस विभागमा पेश गरेपछि सो बीमा सेवा खरिद सम्बन्धी बोलपत्र कागजात प्राप्त गर्न सकिनेछ । उक्त बोलपत्र कागजात यो सूचना प्रथम पटक प्रकासित भएको मितिले **३० औं** दिन अर्थात **२०७९/०७/३०** गतेको कार्यालय समयभित्र खरिद गरिसक्नु पर्नेछ र **३१ औं** दिन अर्थात **२०७९/०८/०१** गते दिनको **१२:०० बजे** सम्ममा बोलपत्र दाखिला गरिसक्नु पर्नेछ र सोही दिन दिनको **१२:३० बजे** बोलपत्रदाता वा नीजको प्रतिनिधिको रोहबरमा यस बैंकको सामान्य सेवा विभागमा खोलिनेछ । तर नीजहरुको अनुपस्थितिमा समेत बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

२. बोलपत्र खरिद, दर्ता गर्ने वा खोल्ने अन्तिम दिन बिदा परेमा सो को लगत्तै कार्यालय खुलेको दिन उपरोक्त बमोजिमको समयमा नै बोलपत्र खरिद, दर्ता वा खोल्ने कार्य हुनेछ । म्याद नाघी वा रीत नपुगी दाखिला भएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

३. निम्नानुसारको कागजातहरुको प्रतिलिपि बोलपत्रसाथ पेश गर्नुपर्नेछ ।

क) नवीकरण भएको **कम्पनी दर्ता प्रमाणपत्र**, **VAT /PAN दर्ता प्रमाणपत्र** एवम आर्थिक वर्ष २०७८/७९ को **कर चुक्ता प्रमाणपत्रको** प्रतिलिपि (नोटरी पब्लिकबाट प्रमाणित) ।

ख) कम्पनीको **अध्यावधिक गरेको शेयर दर्ता किताबको लगतको श्रेष्ता**, ।

ग) पछिल्लो आर्थिक वर्षको लेखा परीक्षण गरिएको प्रतिवेदन ।

घ) बोलपत्रदातालाई बीमा समितिले उपरोक्त बमोजिमको सेवा प्रवाह गर्न अनुमति प्रदान गरिएको पत्र/प्रमाणपत्र **(आधिकारीक पत्र)**

४. बोलपत्रदाताले निम्नानुसारको थप कागजातहरु बोलपत्रसाथ पेश गर्नुपर्नेछ ।

क) बोलपत्रमा सहभागी हुन तथा सो सम्बन्धी सम्पूर्ण काम कारवाही गर्ने व्यक्तिलाई अख्तियारी प्रदान गरिएको व्यहोराको **सञ्चालक समितिको निर्णय**

ख) बोलपत्रदाताले खरीद कारवाहीमा भाग लिन अयोग्य नभएको, स्वार्थ नबाँझिएको र पेशा वा व्यवसाय सम्बन्धी कसूरमा आफुले सजायँ नपाएको भनी लिखित रुपमा **स्वयम घोषणा गरिएको पत्र (Self Declaration letter)**।

५. बोलपत्रको सम्पूर्ण कागजातमा अख्तियार प्राप्त व्यक्तिले सही गरी कम्पनीको छाप लगाएको हुनुपर्नेछ ।

६. खरिद गरिएका बोलपत्र कागजातको प्रत्येक महलहरु स्पष्ट रुपमा भरी प्रत्येक पानामा बोलपत्रदाता आफैले वा बोलपत्रदाताको अधिकार प्राप्त व्यक्तिले सहीछाप गर्नुपर्नेछ ।

७. बोलपत्र पेश गर्दा बोलपत्रदाताले बोलपत्र जमानत वापत रु.५२,०००/- (अक्षरुपी बाउन्न हजार मात्र) को रकम बैंकको अर्नेष्ट मनी शीर्षकको हिसाव नं **९२१२०७०११६** मा जम्मा गरेको सक्कल अर्धकट्टी भौचर वा सो बराबरको मान्यता प्राप्त "क" श्रेणीको वाणिज्य बैंक (यस बैंक बाहेक) बाट बोलपत्र पेश गर्ने अन्तिम मिति देखि गणना हुने गरी कम्तीमा **१२० दिन** अवधिको बोलपत्र जमानत (बिड सेक्यूरिटी/बैंक ग्यारेण्टी) अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । बोलपत्रको मान्य अवधि बोलपत्र पेश गर्ने अन्तिम मितिबाट गणना हुने गरि ९० दिनको हुनेछ ।

८. बोलपत्र कागजातमा संलग्न मूल्य अंकित सूची (Price schedule) मा उल्लेख गरेको दररेट अंक र अक्षरमा स्पष्ट लेखिएको हुनु पर्नेछ । केरमेट भएको हुनु हुदैन । कथंकदाचित् अंक र अक्षरमा फरक देखिएमा अक्षरलाई मान्यता दिइनेछ । कुनै शर्त राखेको वा दररेट सम्बन्धि अधुरो रहेको बोलपत्र स्वत: रद्द हुनेछ ।

९. बोलपत्र स्वीकृत भएपछि सम्झौता गर्नु अगाडि बोलपत्रदाताले कबोल गरेको खरिद सम्झौता रकम लागत अनुमान भन्दा पन्ध्र प्रतिशतसम्म कम भएमा कबुल अङ्कको पाँच प्रतिशत र लागत अनुमानको पन्ध्र प्रतिशत भन्दा बढी घटेर कबुल गरेको अवस्थामा पन्ध्र प्रतिशत भन्दा जति रकमले घटी कबुल गरेको छ सोको पचास प्रतिशतले हुन आउने रकम कबुल अङ्कको पाँच प्रतिशतमा थप गरी कार्यसम्पादन जमानत बराबरको नगद धरौटी खातामा जम्मा गरेको अर्धकट्टी भौचर वा सो बराबरको परफरमेन्स ग्यारेण्टी (बैंक ग्यारेण्टी) पेश गरिसकेपछि मात्र सम्झौता गरी खरिद आदेश दिईनेछ । परफरमेन्स ग्यारेण्टीको अवधि कम्तीमा ३ महिना अवधि सम्मको लागि मान्य हुने हुनुपर्दछ ।

१०. नेपाल सरकारको नियमानुसार लाग्ने कर तथा अन्य प्रचलित कर समेत बिलबाट कटाई बाँकी रकम भुक्तानी दिइनेछ ।

११. यो सूचनामा छुट हुन गएका अन्य शर्त एव विषयहरु बोलपत्र कागजातमा उल्लेख भए अनुसार एवम खरिद ऐन २०६३ (संशोधित २०७३) तथा यस बैंकको आर्थिक प्रशासन एवम विनियमावली २०६८ (संशोधन सहित) अनुरुप हुनेछ । यस सम्बन्धमा कुनै कुरा बुझ्न परेमा कार्यालय खुलेको दिन कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।